मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं. ०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :-
चलानी नं. :-


मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप बागमती

**लोकसेवा आयोग ( रा.प. अनं द्वितीय खरिदार वा सो सरह ) तयारी कक्षा सम्बन्धी सूचना !!**

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८०/०८/०५**

आ. व. २०८०/०८१ को मन्थली नगरपालिकाको स्वीकृत कार्यक्रम भित्र बिनियोजन भएको शीर्षकवाट बढीमा ५० जना सहभागीको लागि लोकसेवा आयोग ( रा.प. अनं द्वितीय खरिदार वा सो सरह एकीकृत पाठ्यक्रममा आधारित ) तयारी कक्षा ( प्रथम पत्र )संचालन हुने भएकोले यो सूचना प्रकाशित मितिले १० दिन अर्थात ( २०८० मंसिर १५गते सम्म) अनलाईन तयारी कक्षामा सहभागी हुन चाहने व्यक्तिले तपसिल बमोजिम दुई प्रति पासपोर्ट साईजको फोटो र कागजात सहित निवेदन पेश गर्नुहुन दोस्रोपटक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. लोकसेवा आयोग तयारी कक्षा अनलाईन वा रेकर्डेड रूपमा निशुल्क संचालन हुनेछ ।
२. तयारी कक्षा कार्यालय समय वाहेक बिहान वा बेलुकी एक पटक संचालन हुनेछ ।
३. तयारी कक्षामा सहभागीले न्युनतम उक्त पदमा आवश्यक शैक्षिक योग्यता प्राप्त गरेको , उमेर पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्ने र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्ने छ ।
४. तयारी कक्षामा सहभागी हुने व्यक्तिहरूले मन्थली नगरपालिका सरहद भित्र स्थायी बसोवास भएको खुल्ने नागरिकता वा परिचयपत्र पेश गर्नुपर्नेछ ।
५. तयारी कक्षामा सहभागी हुने आवश्यक उपयुक्त सहभागी संख्या छनौट गर्ने अधिकार मन्थली नगरपालिकालाई हुनेछ ।
६. लोकसेवा आयोग तयारी कक्षामा छनौट गर्दा **दलित , जनजाति , महिला** र **अपाङ्गता** भएका व्यक्तिलाई विशेष प्रथामिकता दिईनेछ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी